मती २०७६।१०।१०

## छलफलका लागी पेश भएका प्रस्तावहरु

१. प्राविधिक धार तर्फको महावीर जनता माध्यमीक विद्यालय हरिपुर-२ लाई ल्याव अनुदान उपलब्ध गराउने सम्वन्धमा ।

२. औषधी उपचारको खर्च भुक्तानी दिने सम्वन्धमा ।

### निर्णय नं. १

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्राविधिक धार तर्फको महावीर जनता माध्यमीक विद्यालय हरिपुर-२ लाई ल्याव अनुदान उपलब्ध गराउने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा गत आ.व. २०७६।०३।३१ गते ढिलो गरी प्राविधिक धार तर्फको ल्याव अनुदान शिर्षकमा एकमुष्ट ५१,९२,०००।०० रकम यस नगरपालिकाको संचित कोषमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र शैक्षिक प्रविधि शाखा सानो ठिमी भक्तपुरबाट निकासा प्राप्त भएको र असारको ३१ गते ढिलो गरी प्राप्त भएको कारणले उक्त आर्थिक वर्षमा खर्च लेखन नसकिएको र शैक्षिक प्रविधि शाखामा बुझ्न जाँदा एक पटक दिने अनुदान (Ones Times Grant) र वित्तिय हस्तान्तरण मार्फत अनुदान कार्यक्रम भएकोले विद्यालयमा निकासा दिंदा फरक नपर्ने भनि बुझीन आएकोले उक्त रकम महावीर जनता माध्यमीक विद्यालय हरिपुर-२ लाई प्राविधिक धार तर्फको ल्याव अनुदान वापत एकमुष्ट रकम रु. ५१,९२,०००।०० निकासा पठाउन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन सहित आदेश दिने निर्णय गरियो ।

### निर्णय नं. २

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको औषधी उपचारको खर्च भुक्तानी दिनसम्बन्धि प्रस्तावमा छलफल गर्दा यसै नगरपालिका वडा नं. ५ मा बस्ने छोटु नटको छोरा वर्ष ७ को अमिर खानको पैगम्वर मोहम्दको जन्म दिवश मनाउने जुलुसमा घाइते भई नली खुट्टा काम नलाग्ने भई घाइते भएको र निज बच्चा अति विपन्न गरिव वर्गको भई उपचार गर्न नसक्ने अवस्थामा पुगेको हुँदा निजले उपचार गराए वापतको रकम मध्ये रु. १,००,०००।०० ( एक लाख) नवलपुर मोडेल हस्पीटल प्रा.लि. लाई निजको उपचार वापत आर्थिक सहायता उपलब्ध गराउन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका